बैठक संख्याः१४६

आज मिति २०८३।०६।०१ गते यस गाउँपालिकाका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो।

उपस्थितिः

क्र. सं.	नाम,थर	पद	दस्तखत
१	श्री माधवप्रसाद अर्याल	अध्यक्ष	
२	श्री चमेली गुरुङ	उपाध्यक्ष	
३	श्री मारसिंङ तामाङ	वडा अध्यक्ष	
४	श्री टुकु प्रसाद सुवेदी	वडा अध्यक्ष	
५	श्री लाल बहादुर तामाङ लामा	वडा अध्यक्ष	
६	श्री अमर बहादुर बुलुन	वडा अध्यक्ष	
७	श्री यमनाथ आचार्य	वडा अध्यक्ष	
८	श्री ज्ञानु वि.क.	सदस्य	
९	श्री बुटी तामाङ	सदस्य	
१०	श्री शान्ति माया तामाङ	सदस्य	
११	श्री पुतली विश्वकर्मा	सदस्य	
१२	श्री पूर्ण बहादुर घले	सदस्य	
१३	श्री राम बहादुर विश्वकर्मा	सदस्य	
१४	श्री जयराम उप्रेती	सचिव	

मिति २०८३।०६।०१ गते बसेको १४६ औ गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुः

निर्णय नं १ः

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीको कारण गाउँ कार्यपलिका भवन लगायत अन्य कार्यालयहरु पूर्णरुपमा क्षती भएको उक्त बाढीले क्षति भएका उत्तरगया गाउँपालिका लगायतका क्षेत्रहरु नेपाल सरकारले मिति २०८३ ।०५।११ को राजपत्र प्रकाशन गरी संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा स्थानीय तहको सार्वजनिक सेवालई निरन्तरता दिन उत्तरगया गाउँपालिका वडा नं ५ लहरेमा अवस्थित पालेको सामुदायिक वनमा गाउँपालिका प्रशासकीय भवन सम्बन्धी मापदण्ड बमोजिम प्रशसकीय भवन तत्काल निर्माण गर्न उपयुक्त जग्गा प्राप्तिको आवश्यक व्यवस्थाको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध भएकोमा मिति २०८३।०५।३० गते बसेको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयले प्रस्तावित क्षेत्र विपद् व्यवस्थापनको दृष्टिले आवश्यक नरहेको देखिएकाले प्रचलित कानून बमोजिम सम्बन्धित पालिकाले प्रकृया अगाडी बढाउने भन्ने निर्णय समितिलाई जानकारी भयो। नेपाल सरकारबाट जारी भएको सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९ संशोधन सहितको व्वस्थाको दफा ४ (ग) बमोजिम उत्तरगया गाउँपालिका वडा नं ५ लहरेमा अवस्थित पालेको सामुदायिक वनमा पालिका भवन सम्बन्धी मापदण्ड बमोजिम आवश्यक ६ रोपनी जग्गा सोहि कार्यनीतिको दफा ६ बमोजिम उपयोग तथा लिजमा उपलब्ध गराउन दफा ८ बमोजिम छानविन समिति सहित दफा ९ बमोजिमको समितिमा पठाउन तथा दफा १० बमोजिमको सिफारिस समितिबाट अनुमोदनका लागि सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९ ले तोकेको कार्यालय भूमिसुधार तथा मालपोत कार्यालय रसुवालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. २:

विनाशकारी बाढीबाट प्रभावित विस्थापित परिवारका लागि अस्थायी वासस्थानको विकल्प\अस्थायी आवास संरचना निर्माणको लागि साथै कोठा भाडामा बस्न चाहने परिवारको यथासक्य विस्तृत विवरण, प्रभावितको स्वघोषणा र प्रभावित परिवारको कोठाभाडा\अस्थायी आवासको लागि निवेदन संकलन गर्ने।

विस्तृत विवरण, स्वघोषणा र प्रभावितको निवेदन संकलन गर्न पालिकामा कार्यरत शिक्षकहरु मध्येबाट उपयुक्तताको आधारमा कार्यालयले छनौट गरी परिचालन गर्ने साथै यसरी परिचालित जनशक्तिको भ्रमण खर्च सहितको लजिष्टिक सहयोगका लागि ASIA - Association for International Solidarity in Asia लाई अनुमती दिन उत्तरगया गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको अनुरोध स्वीकार गर्ने।

निर्णय नं. ३ :

विनाशकारी बाढीबाट प्रभावित विस्थापित परिवारको संकलन गरिने विस्तृत विवरणको ढाँचाँ, प्रभावित भएको व्यक्तिको स्वघोषणाको ढाँचाँ, प्रभावित परिवारका लागि प्रदान गरिने घर भाडाको लागि व्यक्तिले गाउँ कार्यपालिकामा दिने निवेदन ढाँचाँ तथा प्रभावित परिवार संग वडा कार्यालयले गर्ने घरभाडा सम्झौता ढाँचाँ उत्तरगया गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको अनुरोध बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने।

जय राम उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४ :

मिति २०८३ साल भाद्र महिनाको १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण उत्तरगया गाउँपालिका क्षेत्रमा तपसिल बमोजिम झोलुङ्गे पुलहरु पूर्ण क्षति भएको जानकारी गराउने। बाढीले पुलहरु वगाउदा उत्तरगया गाउँपालिकाको वडा नं. १, २ र ३ र वडा नं. ४ तथा ५ जोडिने पुलमा क्षति भई आवतजावत एवं अन्य त्यस क्षेत्रका नागरिकहरुको जनजीवनमा असर परेको हुँदा सो क्षेत्रहरुमा बाढीबाट क्षति भएका झोलुङ्गेपुलहरुको अविलम्ब निर्माणका लागि स्थानीय पूर्वाधार विभाग, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति लगायत मातहतका निकायमा अनुरोध गर्ने उत्तरगया गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको अनुरोध बमोजिम पत्राचार गर्ने निर्णय गरियो।

तपसिलः

क. बालुवा झोलुङ्गे पुल (उत्तरगया गाउँपालिका वडा नं. १ र कालिका गाउँपालिका वडा नं. १ जोड्ने त्रीशुली नदीमाथि झोलुङ्गे पुल)

ख. मैलुङ दोभान झोलुङ्गे पुल (उत्तरगया गाउँपालिका वडा नं. १ को मैलुङ, तिरु र गोगने जोड्ने मैलुङखोला दोभानमा झोलुङ्गे पुल)

ग. भांगे झरना बान्द्रे झोलुङ्गे पुल (उत्तरगया गाउँपालिका वडा नं. २ र कालिका गाउँपालिका वडा नं. १ जोड्ने त्रीशुली नदीमाथि झोलुङ्गे पुल)

घ. पहिरोबेसी झोलुङ्गे पुल (रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. ४ र नुवाकोट जिल्ला किस्पाङ गाउँपालिका वडा नं. ५ जोड्ने त्रीशुली नदीमाथि झोलुङ्गे पुल)

ङ. सोले बेत्रावती झोलुङ्गे पुल (नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. ७ र उत्तरगया गाउँपालिका वडा नं. ५ जोड्ने त्रीशुली नदीमाथि झोलुङ्गे पुल)

च. सिम्ले झोलुङ्गे पुल (उत्तरगया गाउँपालिका वडा नं. ५ र नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. १० जोड्ने फलाखु खोलामाथि झोलुङ्गे पुल)

निर्णय नं. ५ :

मिति २०८३ साल भाद्र महिनाको १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले यस उत्तरगया गाउँपालिकाको निम्न बमोजिमका मटरेवल पुलहरुको पूर्ण क्षति भई तत् तत् स्थानका जलविद्युत आयोजना, स्थानीय आर्थिक कृयाकलाप लगायतको आर्थिक गतिविधिमा अवरोध पुगी स्थानीय बासिन्दाहरु सडक सञ्जाल र आर्थिक कृयाकलापबाट वञ्चित हुँदा यसको प्रभावले गम्भिर मानवीय संकट समेत सृजना हुने अवस्था सृजना भएकाले निम्न बमोजिमका मोटरेवल सडकपुल यथाशीघ्र निर्माण गरी नागरिकहरुलाई सडक संजाल जोड्न एवं यातायात सुचारु गर्न जिल्ला विपद् व्यवस्थापन समिती सहित अन्य सरोकार निकायहरुमा पुनःताकेता गर्ने उत्तरगया गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको अनुरोध बमोजिम पत्राचार गर्ने निर्णय गरियो।

क्षति भएका र तत्काल निर्माण गर्नुपर्ने मटरेवल पुलको विवरणः

क) रसुवा जिल्ला उत्तरगया गाउँपालिका-५, वेत्रावती र नुवाकोट जिल्ला विदुर नगरपालिका-१२, वेत्रावतीलाई जोडने फलाखु खोला वेत्रावतीमा मोटरेवल पुल निर्माण,

ख) रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. ४ पहिरेबेसी र किस्पाङ गाउँपालिका वडा नं. ५ लाई जोड्ने त्रिशुली नदीमाथि मोटरेवल पुल निर्माण,

ग) रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ मैलुङ र रसुवा जिल्ला कालिका गाउँपालिका लाई जोड्ने त्रिशुली नदीमाथि मोटरेवल पुल निर्माण।

हरि राम उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६:

विनाशकारी बाढीबाट प्रभावित विस्थापित परिवारका लागि अस्थायी वासस्थानको विकल्प\अस्थायी आवास संरचना निर्माणको लागि निम्नानुसारका वडामा विपद् संवेदनशीलता र जोखिम विश्लेषण अध्ययन गरी अस्थायी आवास संरचना निर्माणको सम्भाव्यता अध्ययनका लागि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र जग्गा पहिचान तथा खोजी समिति रसुवा लगायत सरोकार निकायलाई अनुरोध गर्ने उत्तरगया गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको अनुरोध बमोजिम पत्राचार गर्ने निर्णय गरियो।

क) वडा नं १ को मैलुङ्ग तथा सल्लेबाट विस्थापित भएका नागरिकको अस्थायी वासस्थान वडा नं १ को सिरुचेतमा व्यवस्थापनका लागि अध्ययन गर्न सिफारिस गर्ने।

ख) वडा नं २ बाट विस्थापित भएका नागरिकको अस्थायी वासस्थान वडा नं २ को डाडागाँउमा व्यवस्थापनका लागि अध्ययन गर्न सिफारिस गर्ने।

ग) वडा नं ३ बाट विस्थापित भएका नागरिकको अस्थायी वासस्थान वडा नं ३ को ठुलोगाँउमा व्यवस्थापनका लागि अध्ययन गर्न सिफारिस गर्ने।

घ) वडा नं १ को खाल्टे, वडा नं ४ को पैरेवेशी र वडा नं ५ का सबै स्थानबाट विस्थापित भएका नागरिकको अस्थायी वासस्थान वडा नं ५ को बोगटीटार, उपल्लोपौवा, माथिल्लोछाप, माझगाउँ, सिम्ले, चौकीटार र डुम्रेचौरमा व्यवस्थापनका लागि अध्ययन गर्न सिफारिस गर्ने।

निर्णय नं. ७:

विगतको २०७२ सालको भूकम्पबाट विस्थापित भएका तथा जोखिममा रहेका उत्तरगया गाउँपालिका वडा नं १ का तपसिलका गाउँहरु बिनाशकारी बाढीबाट अझ बढी प्रभावित भई विस्थापित भएको सन्दर्भमा तत् तत् गाउँहरुको विपद् संवेदनशीलता र जोखिम विश्लेषण सहित अन्यत्र पुनःस्थापनाका लागि अध्ययन गरी उचित व्यवस्थापन गर्न जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति प्रदेश सरकार तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सरोकार निकायलाई अनुरोध गर्ने उत्तरगया गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको अनुरोध बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः

क) उत्तरगया गाउँपालिका वडा नं १ शान्तिवजार क्षेत्र
ख) उत्तरगया गाउँपालिका वडा नं १ खाल्टे गाउँ क्षेत्र
ग) उत्तरगया गाउँपालिका वडा नं १ सल्ले क्षेब
घ) उत्तरगया गाउँपालिका वडा नं १ खोलेबेशी क्षेत्र
ङ) उत्तरगया गाउँपालिका वडा नं १सिम्ले गोरेगाउँ क्षेत्र
च) उत्तरगया गाउँपालिका वडा नं १ गोगने गाउँ क्षेत्र
छ) उत्तरगया गाउँपालिका वडा नं १ तिरु गाउँ क्षेत्र

निर्णय नं. ८:

मिति २०८३ साल भाद्र महिनाको १० गते भोटेकोशी नदीमा आएको बिनाशकारी बाढीका कारण उत्तरगया गाउँपालिका प्रशासनीक भवन लगायत सम्पूर्ण कोठा तथा स्टोरहरु पूर्ण क्षति भएकाले श्रावण महिनामा भएको करार कर्मचारीको नियुक्ति तथा सम्झौताहरु समेत पूर्ण क्षति भएकाले मिति २०८३ श्रावण ०१ गते देखिनै लागु हुने गरी पुनःकरार सम्झौता गर्ने निर्णय गरियो।

जय राम उप्रेती
प्रमुख प्रशासकीय अधिकृत